# बैंक अफ काठमाण्डू लिमिटेडको
# नगद लाभांश र वोनस शेयर वितरण सम्बन्धी
# सूचना

यस बैंकको मिति २०६६ पौष ०९ गते सम्पन्न पन्ध्रौं वार्षिक साधारणसभाबाट पारित भएअनुसार चुक्ता पूँजीको ७.३६८४ प्रतिशतका दरले नगद लाभांश तथा ४० प्रतिशतका दरले वोनस शेयर वितरण गर्ने सम्बन्धि प्रस्ताव स्वीकृत भएको व्योहोरा शेयरधनी महानुभावहरूलाई विदितै छ । नगद लाभांश वितरण मिति २०६६ पौष १४ गते देखि नै वितरण गर्दै आईएको छ भने वोनस शेयर मिति २०६६/०९/२९ बाट यस बैंकको केन्द्रिय कार्यालय परिसर कमलपोखरी, काठमाडौंबाट वितरण गरिने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>नगद लाभांश र वोनस शेयर वितरण सम्बन्धी अन्य जानकारी :</u>**

१. नगद लाभांश र वोनस शेयर प्रमाणपत्र लिन आउनुहुँदा आफ्नो सक्कल प्रमाणपत्र तथा आफ्नो परिचय खुल्ने प्रमाणपत्र र सोको प्रतिलिपी साथै लिइ आउनुहुन अनुरोध छ ।

२. आफै उपस्थित हुन असमर्थ शेयरधनीहरूले प्रतिनिधि मार्फत अख्तियारनामा दिई नगद लाभांश र वोनस शेयर प्रमाणपत्र प्राप्त गर्न सक्नुहुनेछ । तर अख्तियारी पाउने व्यक्तिले सोको लागि सक्कल शेयर प्रमाणपत्रका साथै आफ्नो परिचय खुल्ने परिचयपत्र र सोको प्रतिलिपि सहित उपस्थित हुनुपर्नेछ, अन्यथा नगद लाभांश र वोनस शेयर प्रमाणपत्र दिइनेछैन । अख्तियार पत्रमा गरिएको शेयरधनीको दस्तखत यस बैंकको अभिलेखमा रहेको दस्तखतसँग भिडान भएमा मात्र नगद लाभांश र वोनस शेयर दिईनेछ ।

३. यस बैंकको उपत्यका बाहिरका शाखा कार्यालयहरू विराटनगर, इटहरी, जनकपुर, विरगञ्ज, अमलेखगञ्ज, हेटौंडा, तातोपानी, पोखरा, बुटवल, घोराही, तुल्सीपुर, कोहलपुर, नेपालगंज, सुर्खेत, जुम्ला, अत्तरिया, धनगढी, टिकापुर, गुलेरिया, डडेलधुरा र उर्लाबारी वा ती स्थानहरूमा पायकपर्ने शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्रमा उल्लेखित परिचय नं. (शेयरधनी नं.) र नाम यस बैंकको सोही शाखाहरूमा टिपाई उक्त शाखा मार्फत पनि नगद लाभांश र वोनस शेयर संकलन गर्न सक्नुहुनेछ ।

**पुनश्च :**

आदरणीय शेयरधनी महानुभावहरूको सुविधाको लागि विगत देखि नै शुन्य मौज्दातमा बैंक खाता खोल्ने व्यवस्था मिलाइएको व्योहोरा अनुरोध गर्दछौं । खाता खोल्न इन्छुक शेयरधनी महानुभावहरूले आफ्नो नागरिकताको प्रतिलिपी तथा २ प्रति पासपोर्ट साईजको फोटो लिई आउनुहुन अनुरोध गरिन्छ ।

बैंक अफ काठमाण्डू लिमिटेड

BANK OF KATHMANDU LTD.

We make your life easier

www.bok.com.np